सम्पर्क नं. ०८६-४२००७७
ईमेल:- gharelupyuthan@gmail.com
csidb_pyuthan@yahoo.com

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय


# घरेलु तथा साना उद्योग कार्यालय


प्यूठान,नेपाल


पत्र संख्या :२०८१/०८२
च.नं.

मितिः२०८२/०३/२०

**प्राईभेट तथा साझेदारी फर्म दर्ता, नविकरण र खारेजी सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

लुम्बिनी प्रदेश सरकारको, **प्रदेश सामयिक कर असुली ऐन, २०८२ को दफा ३** बमोजिम जारी भएको सूचित आदेश अनुसार, **प्राईभेट तथा साझेदारी फर्म र पर्यटन व्यवसाय, नविकरण र खारेजी** सम्बन्धी देहाय वमोजिम **विशेष व्यवस्था** रहेको हुँदा यस कार्यालयमा दर्ता रहेका जिल्ला स्थित सम्पूर्ण उद्यमी/व्यवसायीहरु तथा सम्बन्धीत सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**विशेष व्यवस्थाः प्रदेश सामयिक कर असुली ऐन, २०८२ दफा ३**

१. आ.व. २०७९/८० सम्म वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरी संचालनमा रहेका वा दर्ता भई संचालनमा नरहेका प्राईभेट तथा साझेदारी फर्मले संवत **२०८२ साल पुस मसान्तभित्र** विवरण सहित नविकरण वा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाग्ने **नविकरण शुल्क** र **जरिवाना रकमको पच्चिस प्रतिशत (२५%)** ले हुन आउने रकम दाखिला गरेमा बाँकी शुल्क वा जरिवाना मिनाहा गरी नविकरण वा दर्ता खारेज गरिनेछ।

२. आ.व. **२०८२/०८३ मा लघु, घरेलु तथा साना उद्योगलाई दर्ता गर्दा प्रचलित व्यवस्था अनुसार लाग्ने अन्तिम दर्ता शुल्कको ५० प्रतिशत छुट** दिई दर्ता गरिनेछ।

**पुनश्चः**
**आवश्यक कागजात दर्ता प्रमाण पत्रको सक्कल प्रति र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।**

..........................
मनिबहादुर गुरुङ
नि. उद्योग अधिकृत